कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल

स्थापना : २०७३

पत्र संख्या : ०७९/०८०

चलानी नं. ९६९

मिति : २०७९/०९/१८

श्री कोहलपुर नगरपालिका अन्तरगतका सामुदायिक आधारभूत (१-८) र माध्यमिक विद्यालयहरू ,
कोहलपुर नगरपालिका, बाँके ।

विषय : प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कोहलपुर नगरपालिका, नगर शिक्षा समितिको मिति २०७९ पौष १८ गते बसेको बैठकको निर्णय अनुसार आ. व. २०७९/०८० अन्तरगत स्वीकृत कार्यक्रम अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको अधीनमा रही तपसिल बमोजिमका कार्यक्रमका लागि यो सूचना जारी भएको मितिले १५ दिनभित्र आवश्यक प्रावधान सहित प्रस्ताव पेश गर्ने अनुरोध छ ।

तपसिल : (कार्यक्रमहरू)

१. विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ,किताब खरिद तथा इ-पुस्तकालय समेत)
२. विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान

**आवश्यक प्रावधानहरू :**

- विद्यालयको प्रस्तावना पत्र
- विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि
- विद्यालय सुधार योजनामा कार्यक्रम राखिएको पानाको प्रतिलिपि
- आ. व. २०७८/०७९ को सामाजिक परीक्षण प्रतिवेदन
- आ.व. २०७८/०७९ को आर्थिक लेखापरीक्षणको प्रतिवेदन
- IEMIS अनुसार शैक्षिक सत्र २०७९ मा अध्ययनरत कक्षागत विद्यार्थीहरूको विवरण
- यस अघि विद्यालयले समान कार्यक्रम प्राप्त नगरेको प्रतिवद्धता पत्र
- पुस्तकालय वा प्रयोगशालाको लागि भौतिक पूर्वाधार (भवन वा कोठा) भएको सुनिश्चितता पत्र

०७९।०९।१८

रामबहादुर हमाल

उप सचिव

रामबहादुर हमाल
उप सचिव

बोधार्थ :

श्री नगर शिक्षा समिति, कोहलपुर नगरपालिका ।

श्री सूचना प्रविधि उपशाखा । (सूचना अपलोड गरी दिनुहुन )